कार्यपालिका वैठक : १०

मिति :२०८२ साल मंसिर २१ गते आईतवार

नगर कार्यपालिकाका नगरप्रमुख श्री राजेन्द्र कुमार पोखरेलको अध्यक्षतामा र देहायको उपस्थितिमा नगर कार्यपालिकाको वैठक बस्यो ।

उपस्थिति

| सि.न. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राजेन्द्र कुमार पोखरेल | नगर प्रमुख | |
| २ | आसा शिवाकोटी | नगर उप-प्रमुख | |
| ३ | शुसिल कुमार पोखरेल | वडा अध्यक्ष वडा नं १ | |
| ४ | वलराम राई | वडा अध्यक्ष वडा नं २ | |
| ५ | युवराज चम्लागाई | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | रोशन सुवेदी | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | कृष्ण बहादुर राई | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | लक्ष्मी प्रसाद ओली | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | भिष्म भुषण सिटौला | वडा अध्यक्ष वडा नं ७ | |
| १० | लिला बहादुर कटुवाल | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | राजेन्द्र प्रसाद उप्रेती | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | कृष्ण माया भूजेल | कार्यपालिका सदस्य | |
| १३ | नवल किशोर दत्त कायस्थ | कार्यपालिका सदस्य | |
| १४ | सावित्रा देवी वर्देवा | कार्यपालिका सदस्य | |
| १५ | नरा देवी मगर | कार्यपालिका सदस्य | |
| १६ | लक्ष्मी कटुवाल | कार्यपालिका सदस्य | |
| १७ | सुसिला बुधनी कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १८ | चेता राई | कार्यपालिका सदस्य | |
| १९ | हरिलाल खवास भुजेल | कार्यपालिका सदस्य | |
| २० | नारायण न्यौपाने | प्रमुख प्रशासकीय अधिकृत | |

(अन्य उपस्थिति)

१. क्षेत्रनाथ शर्मा - लेखा अधिकृत

२. जमुना कटुवाल - अधिकृत आठौं

३. बद्री कुमार दाहाल - अधिकृत सातौं

४. विशाल थेवे - इन्जिनियर

५. अनुप डि. रेग्मी - अधिकृत छैठौं

६. दिपक याठव - सहायक पाँचौं

Scanned with CamScanner

# कार्यपालिकाका निर्णयहरु

| सि.न. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | समिक्षा सम्बन्धमा | मिति २०८२।०८।७ गतेको बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा गरियो। |
| २ | धन्यवाद ज्ञापन सम्बन्धमा। | मिति २०८२ भाद्र २३ र २४ गतेको GEN-Z आन्दोलनका कारण कनकाई नगरपालिकाको कार्यालय भवन तथा भौतिक सामान ,विधुतीय सामाग्रीहरु क्षति भई सेवा प्रवाहमा असहजता भएकाले श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,प्रदेश सहयोग कार्यक्रम कोशी प्रदेश विराटनगर मार्फत स्वीस सरकार विकास सहयोग (SDC) बाट रकम रु ३४,०९,७९९.८६ बराबरको कम्प्युटर प्रिन्टर र फर्निचर सामाग्री उपलब्ध गराइएकोले धन्यवाद ज्ञापन गर्ने। |
| ३ | माइमेला ठेक्का सम्बन्धमा। | कनकाई नगरपालिकामा वार्षिक रुपमा लागदै आएको मकर मेला (माई मेला) संचालन तथा व्यवस्थापन गर्न राजश्व परामर्श समितिको सिफारिस बमोजिम न्युनत्तम अंक रु ११,००,००० मू.अ.कर सहित कायम गरि १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो। |
| ४ | बहुउद्शीय भवनको संक्षिप्त वातावरणीय अध्ययन प्रतिबेदन (BES) स्वीकृती सम्बन्धमा | धौला इन्जनियरिङ कन्सल्टेन्सी एण्ड कन्टक्सन प्रा. लि बिर्तामोड झापाले गरेको पेश गरको कनकाई बहुउद्देश्यीय भवन निर्माण सम्बान्धि संक्षिप्त वातावरणीय अध्ययन (BES) र माटो परिक्षणको प्रतिबेदन स्वीकृत गर्ने। |
| ५ | बहुउद्देशीय भवनको परिमार्जित DPR स्वीकृत गर्ने सम्बन्धमा। | श्री अरनिको कन्सल्टेन्स् एण् स्टक्चर डिजाइनर्स फिदिम पाँचथरले पेश गरेको कनकाई नगरपालिका वडा नं. ३ स्थित कित्ता नं २६१ को ७ कठ्ठा ३.५ धुर जगामा निर्माण हुने कनकाइ बहुउद्देशीय भवनको परिमार्जित डिपिआर प्रतिवेदनलाई स्विकृत गर्ने।<br>निर्माण हुने भवनको सक्षिप्त विवरण<br>(कनकाई नगरपालिका वडा नं. ३ स्थित कित्ता नं २६१ को ७ कठ्ठा ३.५ धुर जग्गाको कुल क्षेत्रफल २६१५२.८७ वर्ग फिटको ४३.०२% (११२५२.२७) ले हुन आउने ११२५२.२७ वर्ग फिटमा भवन निर्माण हुने। यसको भुई तलामा ३२ वटा कोठा पहिलो तला २२ कोठा + रेष्टुरेन्ट रहेको, दोश्रो तला १८ कोठा + सिनेमा हल (१४४ जना अट्ने), तेस्रो तलामा प्रोजेक्टर रुम+सर्भिस रुम र एउटा EXTRA Room रहेको, अपाङ्गमैत्री लिफ्ट सिस्टम भएको पुरै ३ तलाको लागत अनुमान रु ३०३७९२१८६.५४ रहेकोमा पहिलो चरणमा ठेक्का लगाउने भुइतलाको कुल लागत रु ६८३२३४७९६.२९ रहेको भुईतलामा पुरुष २ वटा र महिला ४ वटा शौचालय रहेको, भवनको चौडाई उत्तरतर्फ ४८ फिट.९ ईन्च भवनको चौडाई दक्षिणतर्फ ६१ फिट.९ ईन्च शौचालय पूर्व पश्चिम भवनको लम्बाई १९५ फिट ९ ईन्च भवनको उचाई फ्लोर हाईट १२६ फिट पूरै भवनको उचाई ६५ फिट ६ फिट भर्याङ २ वटा उत्तर-पूर्व १ वटा दक्षिण पश्चिम १ वटा भवनको चारै दिशामा १\१ वटा ढोका गरि जम्मा ४ वटा ढोका रहेको भवनको निर्माण मापदण्ड अनुसार भवन निर्माण प्रकृया अगाडी बढाईएको घर नक्सा पास प्रकृया अगाडी बढाएर भवन निर्माण शुरु गरिने ) |
| ६ | झोलुङ्गे पुल माग सम्बन्धमा। | श्री स्थानीय पूर्वाधार विकास विभाग झोलुङ्गे पुल शाखा श्रीमहल पुल्चोक ललितपुरको च नं झो पु/१५१ मिति २०८२/०६/२७ गते झोलुङ्गे पुल माग सम्बन्धको पत्र बमोजिम यस कनकाई नगरपालिका भित्र अनुसूची १ मा उल्लेख भए बमोजिमका झोलुङ्गे पुल अनुसार माग गर्ने। |
| ७ | नीति सशोधन सम्बन्धमा | कनकाई नगरपालिकाको आ ब २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम र बजेट पुस्तिकामा भौतिक पूर्वाधार विकासतर्फको नीतिमा टेण्डर प्रक्रियावाट संचालन हुने आयोजनाहरु कार्तिक मसान्त भित्र इ विडिङ्ग मार्फत बोलपत्र/शिलवन्दी/दरभाउपत्र आव्हान गरी सक्ने व्यवस्था मिलाइने छ भन्ने उल्लेख भएकोमा मिति २०८२ साल भाद्र २३ र २४ गते भएको Gen Z आन्दोलन चाडपर्व |

२०८२।८।२२

| | | |
|---|---|---|
| | | तथा विपदका कारणले तोकिएको समय भित्र आयोजना कार्यक्रमहरुको ठेक्का प्रक्रिया सम्पन्न गर्न नसकिने भएकोले आगामी हिउँदे नगरसभावाट अनुमोदन हुने गरी मिति २०८२ पौष मसान्त सम्म म्याद थप गर्ने । |
| ८ | नगर प्रहरीको रासन सम्बन्धमा | कनकाई नगरपालिकामा कार्यरत नगर प्रहरी (९) जनालाई नेपाल प्रहरीले खाए सरह राशन भत्ता २०८२ पुषदेखि उपलब्ध गराउने । |
| ९ | घ वर्गको इजाजत सम्बन्धमा । | कनकाई नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधि २०७५(दोस्रो संशोधन २०८२ समेत) को २ को उपदफा ३ बमोजिम तथा सम्बन्धित शाखाको सिफारिस बमोजिम कनकाई नगरपालिका वडा नं ५ स्थित अदीशिव कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा .लि र कनपा वडा नं ३ सिल्भरस्टोन बिल्डर्स प्रा. लिलाई घ वर्गको इजाजत प्रदान गर्ने । |
| १० | तालिम सम्बन्धमा । | व्यवसायीक सीप विकास केन्द्र झापाले आर्थिक वर्ष २०८२।८३ मा यस कनकाई नगरपालिकामा ३ महिने सिलाई कटाइ तालिम संचालन गर्ने भएकाले वडा नं ८ र ९ मा १५ जना सहभागी छनौट गरी तालिम संचालन गर्ने । |
| ११ | न्यायिक समितिको निर्णय कार्यान्वयन सम्बन्धमा । | जिल्ला प्रशासन कार्यालय भद्रपुर झापाको मिति २०८२/०१/२३ च.नं. ९५१७ को पत्र साथ प्राप्त निवेदक जित बहादुर तामाङको मानिस झिकाई छलफल गरी मेरो घर खाली गरी गराई पाउँ विषयको निवेदन तथा सोसंग संलग्न कागजातको आधारमा निवेदन माग बमोजिम विपक्षी जिवन कुमारी भण्डारीलाई पत्र पठाई न्यायिक समितिमा निवेदक जीत बहादुर तामाङ र विपक्षी जिवन कुमारी भण्डारी बीच छलफल हुदाँ निजहरू बीच मिति २०८२/०२/१९ गतेका दिन मेलमिलाप भई मिलापत्रको कागज समेत भएको र मिलापत्र कागजमा उल्लेख भए बमोजिम मिति २०८२/०७/१५ गतेसम्ममा विपक्षी जिवन कुमारी भण्डारीले सहमति बमोजिम घर खाली गर्नु पर्नेमा सो नगरेकाले मिलापत्र कार्यान्वयनका लागि निवेदक जित बहादुर तामाङले पुनः मिति २०८२/०७/२८गते निवेदन दायर गरेको र सो पश्चात दुवै पक्ष तारेखमा समेत रहेकाले मिति २०८२/०८/२८ गते कनकाई नगरपालिका वडा नं. ५ वडा कार्यालय मार्फत कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय, ईलाका प्रहरी कार्यालय, मितेरी डेभलपमेण्ड बैंक लि. का प्रतिनिधि समेतको उपस्थितिमा निवेदक जित बहादुर तामाङ र विपक्षी जिवन कुमारी भण्डारी बीच भएको मिलापत्र बमोजिमको घर खाली गर्ने गराउने तथा दुवै पक्षलाई उक्त दिने तारेख तोकि दिने। |
| १२ | समिति गठन सम्बन्धमा । | कनकाई नगरपालिका अन्तर्गत संचालित कनकाई पोलिटेक्नीक प्राविधिक शिक्षालयको समग्र आर्थिक प्रगति विवरण प्रतिवेदन पेश गर्न देहाय बमोजिमको समिति गठन गर्ने<br>कार्यपालिका सदस्य श्री नवल किशोर दत्त- संयोजक<br>लेखा अधिकृत श्री क्षेत्रनाथ शर्मा -सदस्य<br>शिक्षा अधिकृत श्री राजकुमार ओडारी -सदस्य सचिव |

२०८२/८/२२

Scanned with CamScanner

अनुसूची १

| सि.नं | वडा नं | खोलाको नाम | झोलुङ्गे पुको नाम |
| --- | --- | --- | --- |
| १ | ३ र ६ | सुरुङ्गा खोला | ढुङ्गाना गाउँ-आचार्य टोल जाने बाटोमा झो.पु. |
| २ | २ र ७ | सुरुङ्गा खोला | शान्ति मार्ग-पश्चिम कनकाई एकान्तटोल झो.पु. |
| ३ | १ | सुरुङ्गा खोला | चन्द्र वस्नेतको घर दक्षिणबाट 3 जोड्ने झो.पु. |
| ४ | १ र ३ | विरिङ्ग खोला | पञ्चायत मार्ग विरिङ्ग खण्ड पूर्व अर्जुनधारा |
| ५ | ३ र ६ | सुरुङ्गा खोला | कनकाई-6 मातृ बिमली टोलबाट चारआली चोक जाने बाटोमा झो.पु. |
| ६ | ८ | विरिङ्ग खोला | पिकनिक स्पोट-विरिङ्ग खोला झो.पु |

२०८२/८/२२

Scanned with CamScanner